# गण्डकी प्रदेश वर, पिपल, शमी र चौतारो संरक्षण ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति

२०७५।१०।२७

संशोधन गर्ने ऐन

केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ २०७९।११।१६

२०७५ सालको ऐन नं २१

**वर, पिपल, शमी र चौतारो संरक्षण तथा व्यवस्थापन गर्न बनेको ऐन**

**प्रस्तावनाः** सार्वजनिक स्थलमा भएका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पर्यावरणीय संरक्षण एंव प्राकृतिक प्रकोप न्यूनीकरणका हिसाबले महत्वपूर्ण वर, पिपल, शमी र चौतारो संरक्षण सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

परिच्छेद - १

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "✪गण्डकी प्रदेश वर, पिपल, शमी र चौतारो संरक्षण ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो ऐन गण्डकी प्रदेशभर लागु हुनेछ।

✪२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोजना" भन्नाले दफा २ को खण्ड (छ) बमोजिमको योजना कार्यान्वयन गर्ने सम्बन्धित संस्था सम्झनु पर्छ।

(ख) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

वन, वातावरण तथा जलाधार सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(घ) “समिति” भन्नाले दफा ९ बमोजिम गठित वर, पिपल, शमी र चौतारो संरक्षण समिति सम्झनु पर्छ ।

(ङ) “स्थानीय तह” भन्नाले दफा २ को खण्ड (छ) बमोजिमको योजना सञ्चालनमा रहेका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।”

(च) “वर, पिपल, शमी र चौतारो” भन्नाले सार्वजनिक वा निजी वा जुनसुकै जग्गामा रोपिएको वा हुर्केको प्राकृतिक वा साँस्कृतिक महत्व भएका वर, पिपल, शमी, लाकुरी, कदम, आँप, नारेश्वर, धुपी आदि जस्ता रुख संरक्षण, संवर्धन गर्दै सुस्ताउने, आराम गर्ने, गाउँ वा टोलको भेला गर्ने उद्देश्यले बनाइएको चौतारो सम्झनु पर्छ र सो शब्दले वर, पिपल, शमी र चौतारो सँगै भएको कुवा, कुण्ड, पोखरी वा यस्तै अन्य प्राकृतिक वा साँस्कृतिक वा ऐतिहासिक महत्व भएको स्थल समेतलाई जनाउँछ ।

(छ) “योजना” भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सरकारको प्राथमिकता प्राप्त योजनाको रुपमा स्वीकृत भएको सरकारी योजना वा निश्चित समयावधि पछि सरकारलाई हस्तान्तरण हुने गरी निजी क्षेत्रबाट वा सार्वजनिक-निजी साझेदारीमा निर्माण भएको पूर्वाधार सम्बन्धी योजना वा सार्वजनिक उपयोगको वस्तु वा सेवा सम्बन्धी सडक, खानेपानी, विद्युत, खनिज जस्ता पूर्वाधार सम्बन्धी योजना वा राष्ट्रिय वा प्रादेशिक गौरवका योजनाको रुपमा तोकेको योजना सम्झनु पर्छ र सो शब्दले कानूनी रुपमा स्थापना भई सञ्चालनमा रहेका अन्य

सामाजिक सङ्घ संस्थाले सञ्चालन गर्ने योजना समेतलाई जनाउँछ।

परिच्छेद - २

## वर, पिपल, शमी र चौतारोको दर्ता र अभिलेख

३. **सरकारको सम्पत्ति हुने**: (१) सार्वजनिक प्रयोगमा रहेको जुनसुकै स्थानको वर, पिपल, शमी र चौतारो ✪स्थानीय तहको सम्पत्ति हुनेछ।

(२) आफ्नो क्षेत्रभित्रको सबै वर, पिपल, शमी र चौतारो संरक्षण गर्ने दायित्व स्थानीय तहको हुनेछ।

(३) सार्वजनिक प्रयोगमा रहेको निजी स्वामित्वको वर, पिपल, शमी र चौतारो संरक्षण गर्ने दायित्व स्थानीय तह र स्वामित्वमा रहनेको हुनेछ।

४. **दर्ता गर्नु पर्ने**: (१) स्थानीय तहले यस ऐन बमोजिम आफ्नो क्षेत्रभित्रका वर, पिपल, शमी र चौतारोको दर्ता किताब बनाई दर्ता गर्नु पर्नेछ।

(२) दर्ता गर्दा वर, पिपल, शमी र चौतारोको ऐतिहासिकता, पत्ता लागे सम्म निर्माण गर्ने व्यक्ति वा संस्थाको नाम, ठेगाना, वर, पिपल, शमी र चौतारोको भौगोलिक सूचना प्रणाली बमोजिमको अवस्थिति सहितको विवरण अभिलेख राख्नु पर्नेछ।

(३) वर, पिपल, शमी र चौतारोसँगै कुण्ड, कुवा, पोखरी, माने, मौलो, देउराली, मन्दिर वा कुनै ऐतिहासिक वा पुरातात्विक महत्वको स्थल भए चारकिल्ला क्षेत्रफल खुल्ने गरी सोको अभिलेख राख्नु पर्नेछ।

(४) दर्ता किताबको ढाँचा ✪अनुसूची मा उल्लेख भए बमोजिम हुनेछ।

परिच्छेद -३

## वर, पिपल, शमी र चौतारो संरक्षण सम्बन्धी व्यवस्था

५. **संरक्षण सम्बन्धी व्यवस्था**: (१) स्थानीय तहले प्राकृतिक तथा ऐतिहासिक महत्वको कुनै वर, पिपल, शमी र चौतारोलाई बिगार्न, मास्न वा हटाउन नपाउने गरी तोक्न सक्नेछ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(२) स्थानीय तहले आफ्नो क्षेत्रभित्रका वर, पिपल, शमी र चौतारोको अवस्था हेरी हरेक वर्ष परीक्षण गरी काँटछाँट वा मर्मत वा वैज्ञानिक व्यवस्थापन वा अन्य आवश्यक व्यवस्था गर्नु पर्नेछ।

(३) स्थानीय तहले आफ्नो क्षेत्रभित्र सार्वजनिक सेवा प्रवाहमा वाधा पुगेका वा पुग्न सक्ने देखिएका वा जोखिमयुक्त अवस्थामा रहेका वर, पिपल, शमी र चौतारोको आवश्यक काँटछाँट तथा व्यवस्थापन गर्नु पर्नेछ।

(४) स्थानीय तहले वर, पिपल, शमी र चौतारोसँगै भएका कुवा, कुण्ड, पोखरीको समेत परम्परागत शैलीमा संरक्षण गर्नु पर्नेछ।

(५) कुनै व्यक्ति वा संस्थाले आफ्नै खर्चमा सार्वजनिक जग्गामा वर, पिपल, शमी रोप्न वा चौतारो तथा पोखरी निर्माण गर्न चाहेमा स्थानीय तहले सोका लागि अनुमति दिन सक्नेछ।

(६) वर, पिपल, शमी र चौतारो सँगै कुण्ड, कुवा, पोखरी, माने, मौलो, देउराली, मन्दिर वा कुनै ऐतिहासिक वा पुरातात्विक महत्वको सम्पदाको संरक्षण सो सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

६. **वर, पिपल, शमी र चौतारो नपर्ने गरी सम्भाव्यता अध्ययन गर्नु पर्नेः** (१) ✂...............आयोजनाले कुनै योजनाको सम्भाव्यता अध्ययन गर्दा सम्भव भएसम्म वर, पिपल, शमी र चौतारो नपर्ने गरी सम्भाव्यता र विकल्पहरूको अध्ययन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अध्ययन गर्दा वर, पिपल, शमी र चौतारो हटाउनु पर्ने भएमा अति आवश्यक र न्यूनतम वर, पिपल, शमी र चौतारो हटाउनु पर्ने विकल्पको छनौट गर्नु पर्नेछ।

✪७. **विकल्प नभए मात्र हटाउन सकिनेः** (१) यस ऐन बमोजिम दर्ता भएका वर, पिपल, शमी र चौतारो काट्नु, मास्नु वा हटाउनु परेमा देहाय बमोजिमको अध्ययन तथा सिफारिस समितिको सिफारिसको आधारमा स्थानीय तहले स्वीकृति दिनेछः-

---

✂ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(क) स्थानीय तहको प्रमुख वा अध्यक्ष वा उपप्रमुख वा उपाध्यक्ष -संयोजक

(ख) डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(ग) स्थानीय तहको सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

(घ) सम्बन्धित आयोजनाको प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(ङ) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(२) अध्ययन तथा सिफारिस समितिले स्थलगत निरीक्षण वा अध्ययन गरी प्रस्तावित योजनामा कुनै कुरा परिमार्जन गर्नु पर्ने भएमा सो व्यहोरा खुलाई आयोजनालाई लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएको विषय आयोजनाले परिमार्जन गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता प्राप्त र राष्ट्रिय तथा प्रदेश गौरवका आयोजनामा सम्भाव्यता अध्ययन वा ड्रइङ्ग डिजाइन परिवर्तन गर्ने गरी अध्ययन तथा सिफारिस गरिने छैन।

(५) अध्ययन तथा सिफारिस समितिबाट सिफारिस भई आएमा स्थानीय तहले योजनाको कार्यान्वयन गर्न वर, पिपल, शमी र चौतारो काट्न, मास्न वा हटाउन स्वीकृति दिनुपर्नेछ र सो को जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम स्वीकृति पाएपछि आयोजनाले उक्त वर, पिपल, शमी र चौतारो आफ्नै लागत खर्चमा हटाई वर, पिपल, शमी र चौतारोका बोटहरूको कटान, मुछान र घाटगद्दी गरी सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नु पर्नेछ।

(७) योजना कार्यान्वयन गर्दा वर, पिपल, शमी र चौतारो हटाउनु पर्ने भएमा आयोजनाले स्थानीय तहले तोकेको स्थानमा वर, पिपल, शमी र चौतारो बनाई सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नु पर्नेछ।

(८) मुनाफा कमाउने उद्देश्यले कार्यान्वयन हुने योजनाको लागि वर, पिपल, शमी र चौतारो हटाउनु पर्ने भएमा सोको पाँच गुणाको दरले नयाँ वर, पिपल, शमी लगाई पाँच वर्ष संरक्षण गरी हस्तान्तरण गर्नु पर्नेछ।

(९) स्थानीय तहले आयोजनासँग वर, पिपल, शमी र चौतारो हटाउँदा पालना गर्नु पर्ने शर्तहरू समेत उल्लेख गरी सम्झौता गर्नु पर्नेछ।

(१०) उपदफा (९) बमोजिमको सम्झौताका व्यवस्था आयोजनाले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

(११) स्थानीय तहले सम्झौताको पालना भए नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउनेछ।

(१२) वर, पिपल, शमी र चौतारो हटाई नयाँ निर्माण गरे, नगरेको विषयमा मन्त्रालयले स्थानीय तहसँग समन्वय गरी अनुगमन गर्न र सुधारका लागि स्थानीय तह मार्फत आयोजनालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(१३) उपदफा (१२) बमोजिम दिएको निर्देशन पालना गराउनु स्थानीय तहको दायित्व र आयोजनाको कर्तव्य हुनेछ।

(१४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि राष्ट्रिय तथा प्रदेश प्राथमिकता प्राप्त पूर्वाधार निर्माणका आयोजना कार्यान्वयन गर्न वर, पिपल, शमी र चौतारो हटाउन पर्ने भएमा स्थानीय तहलाई जानकारी दिई आयोजनाले आफ्नै खर्चमा हटाउन सक्नेछ।

८. **उद्यान निर्माण गर्न सकिने**: (१) स्थानीय तहले वर, पिपल, शमी र चौतारोको संरक्षण र विकासका लागि सो स्थानमा उद्यान निर्माण गर्न वा उद्यान निर्माण गरी वर, पिपल, शमी तथा पोखरी सहितको चौतारोको निर्माण गर्न सक्नेछ।

(२) स्थानीय तहले उपदफा (१) अनुसारको उद्यान निर्माण गर्नका लागि इच्छुक कुनै व्यक्ति वा संस्थालाई अनुमति दिन सक्नेछ।

(३) स्थानीय तहले यस दफा बमोजिम स्थापित उद्यानमा सर्वसाधरण सबैले प्रवेश गर्न पाउने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

९. **वर, पिपल, शमी र चौतारो संरक्षण समितिः** (१) प्रत्येक स्थानीय तहमा वर, पिपल, शमी र चौतारो संरक्षणको व्यवस्था मिलाउन एक वर, पिपल, शमी र चौतारो संरक्षण समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहको प्रमुख वा अध्यक्ष -संयोजक

(ख) स्थानीय तहको प्रमुख वा अध्यक्षले तोकेका एक जना महिला सहित दुईजना वडा अध्यक्ष/सदस्य -सदस्य

(ग) स्थानीय समाजसेवीबाट एक जना महिला सहित दुई जना -सदस्य

(घ) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(३) समितिले आफ्नो कार्यविधि आफै तयार गर्नेछ।

(४) वर, पिपल, शमी र चौतारो संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सार्वजनिक उद्देश्य वा पूर्वाधार निर्माणका आयोजनामा प्रयोग गर्ने बाहेक व्यक्तिगत प्रयोजनका लागि साबिकदेखि रही आएका वर, पिपल, शमी र चौतारो ✪मास्न, नास्न वा बिगार्न नदिइ संरक्षणको उचित व्यवस्था मिलाउने,

✂(ख) ................

✪(ग) वर, पिपल, शमी र चौतारोका रुखहरु बूढो वा पूरानो भएर जोखिमपूर्ण भएमा हाँगा काट्ने, मिलाउने वा

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

✂ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

सो रुखलाई हटाई नयाँ सोही प्रजातीको विरुवा रोप्ने व्यवस्था मिलाउने,

(घ) वर, पिपल, शमी र चौतारोको आसपासका क्षेत्रमा नियमित सरसफाईको प्रबन्ध मिलाउने,

(ङ) सार्वजनिक स्थलमा वर, पिपल, शमीको रुख रोप्न वा चौतारो बनाउन प्रवर्धनात्मक कार्य गर्ने,

(च) संरक्षण र व्यवस्थापन सम्बन्धमा मन्त्रालयलाई राय, सल्लाह, सुझाव दिने,

(छ) वर, पिपल, शमी रोप्ने तथा चौतारो, पोखरी निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने व्यक्तिको नाम उल्लेख गरी राख्न अनुमति दिने,

(ज) व्यक्ति, संस्था वा आयोजनासँग संरक्षण सम्बन्धमा आवश्यक समन्वय गर्ने,

(झ) चौतारो वा वृक्षको ऐतिहासिकता र वैज्ञानिक नाम सहितको विवरण सार्वजनिक गर्ने,

(ञ) मन्त्रालयले तोकेका अन्य कार्यहरू गर्ने ।

१०. **वर, पिपल, शमी र चौतारो संरक्षण कोष**: (१) वर, पिपल, शमी र चौतारो तथा पोखरीको संरक्षणको लागि प्रत्येक स्थानीय तहमा एक संरक्षण कोष स्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी वा विदेशी व्यक्ति वा सङ्घ, संस्थाबाट प्राप्त रकम,

तर विदेशी व्यक्ति वा सङ्घ, संस्थाबाट रकम प्राप्त गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति लिनु पर्नेछ ।

---

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित ।

(ग) वर, पिपल, शमी र चौतारोबाट प्राप्त आम्दानी।

(३) कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछः-

(क) वर, पिपल, शमी रोप्न,

(ख) चौतारो निर्माण गर्न,

(ग) वर, पिपल, शमी र चौतारोको वरिपरि कुवा, कुण्ड, पोखरी निर्माण गर्न,

(घ) जीर्ण अवस्थामा रहेको चौतारो तथा कुवा, कुण्ड, पोखरी मर्मत संभार गर्न।

(४) कोषको रकम उपदफा (३) मा उल्लेख भए बाहेक अन्य काममा उपयोग गर्न सकिने छैन।

✣(५) कोषको सञ्चालन स्थानीय तहले प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

✣(६) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

११. **जग्गा स्वीकार गर्न सकिने**: (१) कुनै व्यक्ति वा संस्थाले वर, पिपल, शमी रोप्न वा चौतारो तथा पोखरी निर्माण गर्न आफ्नो हक, भोगको जग्गा दान गर्न वा अन्य कुनै किसिमले स्थानीय तहलाई हस्तान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहमा प्राप्त भएको जग्गा स्थानीय तहले वर, पिपल, शमी रोप्न वा चौतारो तथा पोखरी निर्माण गर्ने बाहेक अन्य प्रयोजनका लागि उपयोग गर्न पाउने छैन।

## परिच्छेद-४

## विविध

१२. **दण्ड सजाय**: (१) यस ऐन विपरीतको काम कारबाही गर्ने व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम सजाय हुनेछ।

१३. **सूचना तथा प्रतिवेदन**: (१) यस ऐन बमोजिम दर्ता गरिएका वर, पिपल, शमी र चौतारोको अद्यावधिक विवरण आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र स्थानीय तहले मन्त्रालयमा पठाउनु पर्नेछ।

---

✣ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको।

(२) मन्त्रालयले समय समयमा अधिकृत सहितको टोली खटाई यस ऐन बमोजिम दर्ता भएका वर, पिपल, शमी र चौतारोको निरीक्षण तथा संरक्षणको व्यवस्था सम्बन्धमा अनुगमन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम खटिएको टोलीबाट प्राप्त प्रतिवेदनमा औंल्याइएका सुझावहरू कार्यान्वयन गर्न मन्त्रालयले स्थानीय तहमा पठाउन सक्नेछ।

✤(४) उपदफा (३) बमोजिमको सुझावहरू कार्यान्वयन गर्नु स्थानीय तहको कर्तव्य हुनेछ।

१४. **करार सम्बन्धी व्यवस्थाः** स्थानीय तहले वर, पिपल, शमी रोप्न वा चौतारो, पोखरी निर्माण गर्न वा वर, पिपल, शमी र चौतारोको संरक्षण गर्न कुनै व्यक्ति वा संस्थासँग करार गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

१५. **नियम बनाउने अधिकारः** यो ऐनको उद्देश्य कार्यन्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

✤ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको।

✪अनुसूची

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

**दर्ता किताबको ढाँचा**

**वर, पिपल, शमी र चौतारो दर्ता किताब**

| दर्ता नं. | नाम | ठेगाना | कित्ता नं. | वर, पिपल, शमी र चौतारो वर्गीकरण सङ्केत | | | | रोपण/ निर्माणकर्ता सम्पर्क | स्थापना मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आकार सङ्केत नं. | प्रकार सङ्केत नं. | संस्कार सङ्केत नं. | रोपण/ निर्माणकर्ता सम्पर्क | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| | | | | | | | | | | |

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

नोटः

महल १ : जिल्ला, स्थानीय तह र वडा खुल्ने गरी दर्ता नं. प्रदान गर्ने

महल २ : चलनचल्तीको नाम उल्लेख गर्ने । अन्य नाम भए सो समेत उल्लेख गर्ने ।

महल ३ : जिल्ला, स्थानीय तह, वडा नं. र ठाउँको नाम उल्लेख गर्ने । साथै भौगोलिक सूचना प्रणाली अनुसार अक्षांश, देशान्तर र उचाई (मि.) उल्लेख गर्ने ।

महल ४ : सम्बन्धित जग्गाको कित्ता नम्बर उल्लेख गर्ने ।

महल ५ : आकारः (क) पाटो १. चारकुने चौतारी, २. वृत्ताकार चौतारी,
३. अन्य (उल्लेख गर्ने)
(ख) पेटी १. एक पेटी, २. दुई पेटी, ३. तीन पेटी,
४. अन्य (उल्लेख गर्ने)

महल ६ : १. वर/पिपल/शमी/नारेश्वर/लाकरी/कदम/धुपी वा आदि मात्र भएको,
२. वर र पिपल भएको,
३. वर, पिपल र शमी वा वर, पिपल र नारेश्वर वा यस्तै भएको,
४. वृक्ष, चौतारी, पोखरी र पौवा भएको,
५. अन्य (उल्लेख गर्ने) ।

महल ७ : संस्कारः
१. सांस्कृतिक उद्देश्यले (कल्प/भाकल)
२. सामाजिक उद्देश्यले (विश्राम/कचहरी)
३. कृति स्मारक ध्येयले (चौतारी, पौवा र पोखरी)
४. अन्य (उल्लेख गर्ने) ।

महल ८ : रोपण/निमार्णकर्ताः
१. एकल पारिवारिक प्रयासमा
२. सामाजिक प्रयासमा
३. राजकीय प्रयासमा
४. अन्य (उल्लेख गर्ने) ।